नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०५/१६ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | जय मनकामना खाजा घर बोर्डमा उल्लेख रहेको दर्ता नभएको भारतीय नागरिक द्वारा सञ्चालित खाजा घर | • खाजा घरको खाजा खाएर विरामी परेको भनि प्राप्त गुनासो बारे निरीक्षण गर्न जाँदा भान्सा, भण्डारण कक्ष र फ्रिज अत्यन्तै फोहोर अवस्थामा रहेको<br>• व्यावसाय दर्ता नगरी सञ्चालन गरेको पाइयो<br>• कृत्रिम खाद्य रंग प्रयोग गरी जेरी पकाएको<br>• फ्रइङ तेलको TPM value ४०.० भई मापदण्ड प्रतिकूल पाइएको, सो तेल पटक पटक खाद्य पदार्थ तार्न प्रयोग भएको पाईयो। | • खाद्य स्वच्छताका नियमहरू पालना गरी खाद्य पदार्थ उत्पादन गर्ने<br>• व्यावसाय दर्ता नहुँदा सम्म बन्द गर्ने निर्देशन दिइयो।<br>• कृत्रिम खाद्य रंग प्रयोग गरी पकाएको जेरी अन्दाजी छ (६) के.जी. नष्ट गर्न निर्देशन दिइयो<br>• TPM value ४०.० भएको तेल अन्दाजी दुई (२) लिटर नष्ट गर्न निर्देशन दिइयो<br>• भान्सा, भण्डारण कक्ष र फ्रिज, आदीको सरसफाइ सुनिश्चितता भए पश्चातः मात्र व्यवसाय सञ्चालन गर्न निर्देशन दिइयो। |
| २. | ओसियन ड्रिङ्क वाटर इन्डस्ट्रिज, कगेश्वरी मनोहरा न.पा -०७, काठमाडौं | • फोहोर जारहरूको प्रयोग गरीएको भनि प्राप्त गुनासोको बारे निरिक्षण गर्न जाँदा कुच्चिएको तथा पुराना जारहरु प्रयोग गरेको पाईएको<br>• उद्योगमा सरसफाइको अवस्था सामान्य रहेको। | • कुच्चिएको तथा पुराना जारहरु पच्चिस (२५) वटा नष्ट गरिएको<br>• कुच्चिएको तथा पुराना जारहरु प्रयोग नगर्न हुन<br>• थप अनुसन्धान गर्न प्रयोगशाला परिक्षणको लागि जारको पानीको नमूना संकलन गरिएको। |

| | | | |
|---|---|---|---|
| ३. | कामधेनु डेरी एण्ड बेकरी प्रा. लि | • उद्योगको उत्पादनमा वाह्या पदार्थ तथा खाद्य योगशिल भेटिएको भनि प्राप्त गुनासोको बारे निरिक्षण गर्न जाँदा उजुरी बमिजिम नपाइएको<br>• सरसफाईको अवस्था सन्तोषजनक नरहेको<br>• कोल्ड स्टोरमा खाद्य सामग्री अव्यवस्थित रुपमा भण्डारण गरेको<br>• भुईको टायलहरु फुटेको अवस्थामा रहेको<br>• मिठाईहरु मसीजन्य कागजमा राखेको पाईएको। | • नियमित सरसफाई गर्ने<br>• कीट नियन्त्रणको व्यवस्था नियमित गर्ने<br>• कोल्ड स्टोरमा भण्डारण गर्दा व्यवस्थित गर्ने साथै को पालना गर्ने<br>• भुईको टायलहरु व्यवस्थित गर्ने<br>• मसीजन्य कागजमा राखेको करिब चार (४) के.जी. मिठाई जफत गरी नष्ट गरिएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः चार (४) वटा** | | | |

Bsharma


डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०५/१८

**<u>अनुगमनका केहि झलकहरु</u>**









MILK